# बित्थडचिर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउलेखबझाङ ,

सुदूर पश्चिम प्रदेशनेपाल ,

## बार्षिक नीति तथा कार्यक्रम

आ.ब.२०७९/०८०

गाउँसभामा पेश भएको मितिः २०७९/०३/१०

गाउँसभाका उपाध्यक्ष ज्यू, उपस्थित सभाका सम्पूर्ण सदस्य ज्यूहरू,प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी वर्ग, पत्रकार मित्रहरू, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा सर्वप्रथम यस बित्थडचिर गाउँपालिका गाउँ सभामा हार्दिक स्वागत गर्दछु ।

बित्थडचिर गाउँपालिकाको ***" आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम "*** यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र, मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता तथा स्वाधीनताका निमित्त आन्दोलनमा नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरुको योगदान प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

गाउँ सभाका सदस्य ज्यूहरु लोकतन्त्रको आधार स्तम्भको रुपमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था अनुसार जनताले प्रत्यक्ष महशुस गर्न सक्ने र साक्षात्कार गर्न सक्ने आफ्नै घर आगनको सरकारको रुपमा रहेको स्थानीय सरकार संग जनताको विकास र समृद्धि प्रतिको उत्कट चाहना र आकांक्षालाई न्यायोचित ढंगले सम्बोधन गर्दै समग्र गाउँपालिकाको समृद्धि तर्फको हाम्रो यात्रा निरन्तर रहि रहनेछ । यस विचमा स्थानीय सरकारको स्वरुपलाई नेपालको संविधानद्वारा प्रदत्त व्यापक क्षेत्राधिकारको आधारमा कानूनी प्रक्रियाहरुलाई संगसंगै लगेर अघि बढ्नु पर्ने चुनौती हामी संग रहेको छ । यस्तो जटील र चुनौतीपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास,कानूनी राज्यको प्रत्याभूतीका साथै  सुशासन र भ्रष्टाचार मुक्त प्रशासनको लागि सदैव सजक र सम्वेदनशील रही परिणाम मुखी सेवा प्रदान गर्न हामी तत्पर रहदै अघि बढ्ने छौं ।

गाउँ सभाका सदस्य ज्यूहरु सीमित स्रोत र साधनको अधिकतम् परिचालन गरि गाउँपालिकाको समग्र विकास गर्न स्पष्ट दृष्टिकोण लक्ष्य र उदेश्य सहित निरन्तर क्रियाशील भई सेवा प्रभाव गर्न हामी दृढ संकल्प सहित महिला, दलित, अशक्त, जेष्ठ नागरिक, बालबालिका, द्वन्द पिडितका साथै  पिछडिएको वर्गको उत्थानको लागि प्रतिबद्ध हुँदै आ.व. २०७९।०८० को लागि हाम्रो स्थानीय सरकारले देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु  ल्याएको छ ।

## *क) कृषि क्षेत्रः*

१ **"एक वडा एक उत्पादनको"** नीति अनुरुप जुन वडामा जस्तो हावापानी, माटो अथवा बाली उत्पादनको सम्भावना छ, त्यही त्यही नगदे तथा अन्न बालीलाई किसानको माग र चाहना अनुसार अभियानको रुपमा उत्पादन कार्यक्रम सञ्चालन गरिने छ। (जस्तैःलसुन खेती, अदुवा खेती, अलैची खेती, टिमुर खेती, उखु खेती, स्याउ खेती, कागती खेती, सुन्तला खेती, च्याँउ खेती, भट्टमास खेती, आलु खेती, ओखर खेती, अमला खेती, चिउरी खेती आदि) उत्पादनमा विशेष जोड दिइने छ।

२ कृषि उत्पादन बृद्धिका लागि कृषकलाई मल,बीउ बिजन, कृषि औजारका लागि सहुलियत अनुदानको व्यवस्था गरिनेछ।

३ कृषिमा आत्म निर्भरतामुखी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन दिइनेछ। जस्तै उन्नत जातका गाई ,भैसी तथा बाख्रा खरिदको लागि अनुदान दिने व्यवस्था गरिने छ। दूध जन्य पदार्थ संकलन केन्द्रको स्थापना गर्न र ठाउँ अनुसार फलफूल तथा तरकारी खेती गर्नमा विशेष जोड दिइने छ।

४ आवश्यकताका आधारमा सिंचाई कुलोको निर्माण गर्ने र सिचाई कुलो निर्माणको लागि लागत खर्च बढी आउने क्षेत्र तथा विद्युतको सुविधा भएको क्षेत्रमा लिफ्ट सिचाई आयोजना वा आकाशे पानी पोखरी एवं ट्याङ्की,पानी पम्प सेट,सोलार लिफ्टिङको कार्यक्रम लागू गरिने छ।

५ कृषिजन्य उत्पादनलाई बजारीकरणको व्यवस्था गरिनुका साथै नमूना कृषक छनोट गरि प्रोत्साहित गरिने छ।

६ लामो समय सम्म उपभोग गरिरहेको जग्गाको जग्गा धनी प्रमाण पूर्जा नपाएका व्यक्तिहरुको हकमा सम्बन्धित निकायमा पूर्जा उपलब्ध गराउन पहल गरिने छ।

७ प्रत्येक वडामा भेट्नरी चिकित्सा सेवा केन्द्रको पहुँच पुरयाउन विशेष जोड दिइने छ।

८ कृषिमा आधुनिकीकरणका लागि कृषि प्राविधिकको व्यवस्था गरिने छ।

## *ख) स्वास्थ्य क्षेत्रः*

१ बित्थडचिर गाउँपालिका भित्रका एकल महिला,अपाङ्ग तथा विपन्न वर्गको पहिचान गरी **स्वास्थ्य विमा** कार्यक्रमलाई प्रारम्भ गरिने छ । साथै गाउँपालिकाले गाउँपालिका भित्र आकस्मिक दुर्घटनामा परि सक्त घाइते तथा मृतकका लागि **दुर्घटना विमा** कार्यक्रमलाई कार्यन्वयनमा ल्याइने छ।

२ बित्थडचिर गाउँपालिका भित्र रहेका एकल महिला,अपाङ्ग,गर्भवती महिला अकस्मात् दुर्घटनामा परि शक्त घाइते तथा विपन्न वर्गको लागि गाउँपालिका भित्र निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ। साथै अपाङ्गता भएका नागरिकहरुको सेवाका लागि सबै वडाहरुमा चिकित्सक सहितको टोली मार्फत स्वास्थ्य परीक्षण गराइने छ। त्यसै गरी स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम जस्तै **उमेर ६८ कार्यक्रम** मार्फत जेष्ठ नागरिकको घर घर सम्म स्वास्थ्य सेवा विस्तार गर्न हाम्रो सरकार प्रतिबद्ध रहने छ।

३ दीर्घ रोगीहरु ( जस्तैःमृगौला पिडित,क्यान्सर पिडित,मुटु रोगी,एड्स रोगी आदि ) लाई सहुलियत अनुदानको व्यवस्था गरिने छ।

४ स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू संञ्चालन गरिने छ।

५ देउलेख प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति(Minor O.T. , Dental Service ,I.P.D. Service , Eye Service) सञ्चालन गरि स्वास्थ्य सेवालाई सस्तो र सुलभ गरिने छ। साथै सञ्चालनमा रहेको USG सेवा हप्ताको १ दिन गर्भवती महिलाई निःशुल्क प्रदान गरिने छ।

६ आर्युवेदीक चिकित्सा सेवाको प्रभावकारी कार्यान्वयनका लागि उपर्युक्त संरचनाको विकास र विस्तार गर्दै लगिने छ । साथै स्थानीय रुपमा उपलब्ध जडीबुटीहरुको संक्षरण र समुचित प्रयोगका लागि विशेष योजना तथा कार्यक्रम सहित गुणस्तर सुनिश्चत गर्दै उत्पादन वृद्धि र व्यवसायिककरणमा जोड दिइने छ।

## *ग) शिक्षा,युवा तथा खेलकुद क्षेत्रः*

१ ***एक विद्यालय एक बगैंचाको नीति*** अनुरुप गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा बगैंचा निर्माण कार्यक्रमलाई प्रारम्भ गरिनेछ।

२ नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप विद्यालयमा नर्सिङ कार्यक्रमको लागि पहल गरिने छ। साथै सेवाकालीन शिक्षकहरूको पेशागत विकास गर्न तालिमको व्यवस्था गरिने छ।

३ गाउँपालिका भित्रका विद्यालयहरुमा शैक्षिक गुणस्तर वृद्धि गर्न,परिमार्जित पाठ्यक्रम प्रबोधीकरण तालिम दिन,निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न ,परीक्षा प्रणालीमा एकरूपता ल्याउन तथा विद्यालयको भौतिक पूर्वाधार विकास गर्न हाम्रो सरकार प्रतिबद्ध रहने छ। साथै अघिल्लो आ.व. २०७८।०७९ मा सबै विद्यालयहरुमा परीक्षा सञ्चालन गर्न दिइने अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ र उक्त परीक्षा सञ्चालन वापतको रकम वास्तविक खर्च कति हुन आउँछ हिसाब गरि सम्बन्धित् क्षेत्रका विज्ञहरुको सुझाव र सल्लाह बमोजिम निर्धारण गरिएको निश्चित मापदण्डका आधारमा विद्यालयको खातामा नै भूक्तानीको प्रबन्ध मिलाइने छ।

४ विद्यालयको स्थलगत अनुगमन गरि शिक्षा ऐन तथा नियमावली अनुरुप शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक,कर्मचारी,बाल विकास सहजकर्ता तथा स्वयम् सेवक शिक्षकको दरबन्दी मिलान तथा पुनर्वितरण,नियुक्ति,एवं दरबन्दी सिर्जना गरिने छ । साथै ***"गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम"***अन्तर्गत अति विपन्न,जेहन्दार,दलित छात्रा तथा अपाङ्गलाई उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।

५ गाउँपालिका भित्र भएका मध्ये सबैभन्दा उत्कृष्ट विद्यार्थी,शिक्षक तथा विद्यालयलाई प्रोत्साहन गरिने छ ।

६ सुनकुडा नमूना क्याम्पसमा प्राविधिक शिक्षा सञ्चालन गर्नको लागि र आंङ्गिक क्याम्पस बनाउनको लागि सुदूर पश्चम विश्व विद्यालयमा पहल गरिने छ ।

७ **खेलकूद ऐकेडेमीको** स्थापना गर्न आवश्यक पूर्वाधार निर्माणको लागि विशेष जोड दिइने छ ।

८ युवा जनशक्तिलाई स्थानीय क्षेत्रको विकासमा अग्रसर गराउन **युवा परामर्श केन्द्रको** स्थापना गरिने छ । साथै पालिका भित्रका न्यूनतम योग्यता पुगेका युवा शिक्षित जनशक्तिको लगत संकलन गरि आवश्यकताका आधारमा विद्यालयहरुमा स्वयमलाई सेवा गर्न उत्प्रेरित गरिने छ ।

९ विद्यालयको आर्थिक,भौतिक तथा शैक्षिक पक्ष सहितको सबै क्षेत्रको विस्तृत जानकारी सरोकारवालाहरुलाई सार्वजनिक गराउनको लागि गाउँपालिका भित्रका सबै विद्यालयहरुमा प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम प्रत्येक वर्ष अनिवार्य सामाजिक लेखा परीक्षण गर्नु पर्ने नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।

१० गाउँपालिका भित्रका शिक्षित युवा वेरोजगारहरु तथा अन्य इच्छुक व्यक्तिहरुको लागि राष्टिय स्तरको प्रतिस्पर्धामा सफलता मिलोस् भन्ने उदेश्यले सार्वजनिक संस्थान,लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगका **निःशुल्क तयारी कक्षाहरु** सञ्चालन गरिने छन् ।

११ गाउँपालिका भित्र सार्वजनिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि **स्यानीटरी प्याड** वितरणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## *घ) महिला,दलित,अपाङ्ग तथा बालबालिकाको लागि कार्यक्रमः*

१ **"समृद्धि र विकास निर्माणको आधार,महिलाको क्षमता विकास"** भन्ने नारालाई कार्यान्वयन गर्दै गाउँपालिका क्षेत्र भित्र महिला शशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्नुको साथै उद्यमशीलताको विकास गर्न ***"उपाध्यक्ष संग महिला शशक्तिकरण कार्यक्रम"*** सञ्चालन गरिने छ ।

२ महिला,दलित,अपाङ्ग तथा बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ।

३ छाउपडी प्रथाको उन्मूलन गर्न र भेदभाव तथा छुवाछुत रहित समाजको निर्माण गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने छन्।

४ नेपालको प्रचलित कानूनले निषेध गरिएको विवाह,घरेलु हिंसा,यौनिक हिंसा,महिला हिंसा,जस्ता क्रियाकलापहरूलाई नियन्त्रण तथा रोकथाम गरिने छ ।

५ प्रत्येक दलित टोलमा आरन र सिलाई कटाई कार्यमा व्यवसायीकरण गर्दै आधुनिकीकरणमा रुपान्तरण गरिने छ।

६ अपाङ्गता भएका व्यक्तिहरुको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

७ बालबालिकाहरुको नैसर्गिक बाल अधिकारको सुनिश्चतता गर्दै बालमैत्री गाउँपालिका बनाइने छ

८ गाउँपालिकाले बजेट विनियोजन गर्दा रू ५,००,००० (अक्षेरुपी पाँच लाख) भन्दा कम रकमको योजना विनियोजन गर्ने कार्यलाई निषेध गरिने छ। तर कुनै ठाउँको लागि रू ५,००,००० भन्दा कम रकमको योजना विनियोजन गर्नु परेको खण्डमा गाउँ कार्यपालिकाको स्वीकृतिबाट मात्रै गरिने छ।

## *ङ) रोजगार तथा स्वरोजगार:*

१ विकास कार्यक्रमलाई रोजगार संग जोड्न,युवाहरुको नेतृत्व विकास गर्न,व्यवसायिक सीप अभिबृद्धि गर्न, रोजगार एवं स्वरोजगार बनाउनुका साथै उद्यमशीलता प्रबर्द्धन गर्न युवा शशक्तिकरणका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छन्।

२ वेदवास,निगालो, अल्लो आदिको उत्पादनमा विशेष जोड दिई सीपमूलक,रोजगारमूलक तथा आयमूलक तालिमको व्यवस्था गरिने छ। साथै वेतबाँस तथा निगालोबाट डोको,मट्टो,पलेखो, तथा कुरु बनाउने घरेलु उद्योगलाई प्रोत्साहन गरि निर्यातको लागि उचित व्यवस्था गरिने छ।

३ यस गाउँपालिका भित्र रहेका क्षेत्रहरूमा पाइने रिठा,चिउरी,भट्टमास र जडीबुटीको महत्व बारे जनचेतना कार्यक्रम सञ्चालन गरि **एक प्रशोधन केन्द्र** स्थापना गर्नको लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरिने छ।

४ ***"एक घर एक स्वरोजगार, तालिम दिने स्थानीय सरकार"*** भन्ने नाराका साथ एक परिवारको एक व्यक्तिलाई कुनै स्वरोजगार मूलक तालिम दिने कार्यक्रमलाई क्रमिक रुपमा लागू गर्ने व्यवस्था मिलाइने छ ।

## ***च) वन तथा वातावरणः***

१ गाउँपालिका भित्रको वन तथा वातावरणको सम्बर्द्धन तथा संरक्षण गर्नको लागि बनेको नेपाल सरकारको कानूनको अधिनमा रही स्थानीय सरकारले समेत आवश्यकताको आधारमा कानूनी व्यवस्थाको प्रबन्ध गर्ने छ । साथै सोही कानून बमोजिम सामुदायिक वनको उचित संरक्षण एवं सम्बर्द्धन गरिने छ ।

२ निजी वन र कवुलियत वनको संरक्षण तथा विकास गर्नमा विशेष जोड दिइने छ ।

३ अवैध रुपमा वन फडानी तथा आगजनी र जडीबुटी प्रशोधन कार्यलाई रोकथाम गरिने छ ।

४ ***"रुख एक फाइदा अनेक"*** भन्ने नाराका साथ गाउँपालिका भित्रका खाली ठाउँमा वृक्षारोपण गर्ने र वनको महत्वबारे जनचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

## ***छ) पर्यटन क्षेत्रः***

१ गाउँपालिका अन्तर्गत पर्ने मल्लो बित्थड,बित्थडको भाटीगुफा,बित्थडको दह ताल, सिगास धुरा,कालिका जगन्नाथ,गैर पोखरा,दुल्लड ,पट्टु डाँडा,मौभेरा खस्लोडा, दिककोट तथा धारछडी झरनालाई पर्यटकीय स्थलका रूपमा विकास गर्न तथा पर्यटन मैत्री संरचना निमार्ण गर्नको लागि पहिचान,अवलोकन तथा अध्ययन गरि अर्थतन्त्रको आधारशीलाको रुपमा क्रमशः विकास गरिने छ ।

२ बित्थडचिर गाउँपालिकाको क्षेत्र भित्र रहेका ऐतिहासिक धरोहर मठ मन्दिरहरुको संरक्षण कार्यलाई निरन्तरता दिदै यस क्षेत्रको संस्कृति,पर्यटकीय स्थल,स्थानीय कलाकृति,मौलिक सांस्कृतिक परम्मपरा तथा रीति रिवाजको जगेर्ना गर्न,राष्ट्रव्यापी रुपमा प्रसार प्रचार गर्नका लागि **डकुमेन्टरी** निर्माण गरि सामाजिक सञ्जाल तथा राष्ट्रिय टेलिभिजन मार्फत प्रसार प्रचार गर्ने कार्यक्रमहरु सम्पन्न गरिने छन् ।

### *ज) भौतिक पूर्वाधार विकास तथा विद्युतीकरणः*

१ ग्रीमीण सडकको विस्तारीकरण तथा स्तरीकरण गर्दै सडक सञ्जाल संग नजोडिएका अति विकट तथा दुर्गम गाउँ धारी टुपा डोबा, तल्ला जालिङ, काचाँडा,नाँडा,ओसैली,कुसेना,मौभेरा तथा भाराभिडलाई सडक सञ्चालन संग जोड्नको लागि **D.P.R.(Detailed Planning Report**) वा (विस्तृत योजना प्रतिवेदन) तयार पारी भूगोलको सम्भाव्यता अध्ययन गर्नका लागि **I.E.E.(Initial Environmental Examination**) वा (प्रारम्भिक वातावरणीय परीक्षण) र **E.I.A.(Environmental Impact Assessment**) वा (वातावरणीय प्रभाव आकलन) गरिने छ।

२ जोखिम ठाउँहरुको पहिचान,अवलोकन तथा अध्ययन गरि तटबन्धन गर्नको लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरिने छ।

३ गाउँपालिका भित्रका नागरिकहरूलाई स्वच्छ र सफा पिउने पानी वितरण गर्न ***"एक घर एक धारा"*** भन्ने मूल नाराका साथ खानेपानीको प्रबन्ध गर्न पानीका मूहानहरुको संरक्षण एवं आवश्यक ठाउँमा लिफ्ट प्रविधिको प्रयोगमा समेत विशेष जोड दिइने छ।

४ विघुतको केन्द्रीय प्रसारण लाइनलाई बित्थडचिर गाउँपालिकाको हरेक बस्ती बस्ती सम्म जोड्न ***"उज्यालो बित्थडचिर गाउँपालिका"*** अभियान सञ्चालन गरी यथाशीघ्र कार्यान्वयनमा ल्याइने छ र विद्युत् सेवा पुगेको क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई प्रभावकारी बनाइने छ।

५ गाउँपालिकाको वडा भित्रको भौगोलिक विगटताको पहिचान तथा अवलोकन गरि टोल जोड्ने **R.C.C.(Reinforced Cement Concrete)** ढलान सहितको घोरेटो बाटोको निर्माण गरिने छ।

६ समाजका मूल्य,मान्यता तथा संस्कृतिको जगेर्ना गर्दै गाउँपालिका भित्रका धार्मिक मठ,मन्दिरहरुको मर्मत,संरक्षण तथा नयाँ निर्माण कार्यमा जोड दिइने छ र ऐतिहासिक स्थलहरुको संरक्षणमा विशेष जोड दिइने छ।

७ सार्वजनिक सभा तथा समारोहलाई मर्यादित र व्यवस्थित गर्न पालिकाको केन्द्र रहेको स्थानमा तथा उपर्युक्त स्थानमा **खुला मञ्चको** निर्माण गरिने छ।

८ जयपृथ्वी राजमार्गमा रहेका बजारको अवलोकन तथा अध्ययनका आधारमा अति आवश्यक परेको ठाउँमा **एउटा सार्वजनिक शौचालय** निर्माण कार्यको थालनी गरिने छ ।

९ केन्द्र,प्रदेश तथा स्थानीय सरकारबाट यस गाउँपालिका भित्र छनोटमा परेका योजनाहरुको निर्माण कार्यको प्रारम्भ गर्नको लागि गाउँपालिकाको रोहबरमा मात्र **उपभोक्ता समितिको** गठन गर्ने प्रावधान लागू गरिने छ।

१० गाउँपालिका भित्र विकास निर्माणका कार्यहरु गर्ने र गराउने क्रममा **सार्वजनिक खरिद ऐन २०६३** बमोजिम निर्माण सामग्रीहरु खरिद समितिले मात्र खरिद गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइने छ।

११ देशको मूल कानून संग नबाँझिने गरि तयार पारिएको स्थानीय सरकार सञ्चालन ऐन तथा निर्देशिका बमोजिम कुनै पनि योजनाको D.P.R. गाउँपालिकाले तयार गरे पछि मात्र उक्त योजना निर्माणको कार्य प्रारम्भ गर्नको लागि उभोक्ता समिति गठन गरिने छ र योजना निर्माण कार्यको प्रगति विवरणको अवलोकन तथा अनुगमन गरि **लागेको समय (Time),लागत मूल्य (Cost) , कामको मात्रा (Quantity) र गुणस्तर मापन (Quality Measurement)** को आधारमा गरिएको मूल्याङ्कन अनुरुप भूक्तानी दिइने छ।

१२ प्रत्येक वडा भित्र भएका टोलको स्थलगत भ्रमण गरि टोलबासीको आवश्यकताको आधारमा माग गरिएका सूचीकृत योजनाहरुलाई प्राथमिकीकरण गरि क्रमशः वजेट विनियोजन गरिने छ।

१३ गाउँपालिका भित्र अव्यवस्थित रुपमा रहेका ढुङ्गा,बालुवा,गिट्टी तथा खरी खानी लगायतका उत्खननका खानीहरुको सम्भाव्यता अध्ययन गरि व्यवस्थित बनाई करको दायरामा ल्याइने छ।

## *झ) सूचना तथा सञ्चार:*

१ नेपालको संविधानले दिएको सूचनाको हक र अधिकारलाई सुनिश्चितता गर्न गाउँपालिकाबाट सम्पादन हुने सम्पूर्ण कार्यक्रमहरुको बारेमा सर्वसाधारणलाई सूचित गर्ने र साइबर क्राइमलाई निरुत्साहित गरि निषेध गरिने छ।

२ सूचनाको प्रवाह सर्वसाधारण सम्म पुरयाउन तथा बित्थडचिरको स्थानीय सरकारबाट सम्पादन हुने कार्यक्रमहरुको सूचना जनता समक्ष पुरयाउन सञ्चार माध्यमको रुपमा एउटा एफ.एम.सञ्चालन गर्नको लागि पहल गरिने छ।

## *ञ)राजश्व तथा यातायात:*

१ **"हाम्रो गाउँपालिका हाम्रो कर,समृद्व बनाउने हाम्रै रहर"** भन्ने मूल मान्यतालाई आत्मसात गर्दै असल करदातालाई सम्मान र तोकिएको समय भित्र कर तिर्ने करदाताहरूमध्ये कुनै एक जनालाई पुरस्कृत गरिने छ।

२ बित्थडचिर गाउँपालिका भित्र जयपृथ्वी राजमार्ग र जयपृथ्वी राजमार्ग संग जोडिएका बस्ती जोड्ने ग्रामीण सडकहरुमा पक्की घर निर्माण गर्ने अनिवार्य नक्शा पास गर्नु पर्ने नीतिलाई कार्यानवयनमा ल्याइने छ।

३ गाउँपालिका भित्रका सबै वडाहरुको भौगोलिक दूरीको अवस्थालाई ध्यानमा राखी सर्वसाधारणलाई आवत जावतको सुविधा दिनको लागि **सार्वजनिक बस**को पहल गरिने छ।

## *ट) सुशासन तथा शान्ति सुरक्षाः*

१ गाउँपालिका भित्रका प्रहरी चौकीहरुसंग समन्वय गरि जनताको जिउ धनको सुरक्षा गर्ने र अमन चयन कायम गर्ने हाम्रो सरकार प्रतिबद्ध रहने छ।

२ जनतालाई छिटो,छरितो,सरल र पारदर्शी ढंगले सेवा उपलब्ध गराउन सुशासन र भ्रष्टाचार मुक्त प्रशासनको प्रत्याभूति दिइने छ।

३ गाउँपालिका भित्र रहेका स्थानीय बजारहरुमा फोहर मैला व्यवस्थापन गर्नको लागि विशेष पहल गरिने छ । साथै गाउँपालिका भित्रका बजारहरुमा रहेका सम्पूर्ण व्यापारी तथा होटल व्यवसायीहरुले नियमानुसार उद्योग बाणिज्य संघमा दर्ता गरि **पान(PAN) वा भ्याट(VAT)** कारोबार गरे नगरेको अनुगमन गरिने छ।

४ विगतबाट पाठ सिक्दै आगामी आर्थिक वर्षमा टुक्रे योजना तथा कार्यक्रमलाई पूर्णतः निरुत्साहित गर्दै **एक वाड एक गौरवको योजना** सञ्चालन गरिने छ। असारे विकासलाई आगामी वर्षबाट अन्त्य गर्न योजना सम्झौताको कार्य श्रावण महिनाबाट शुरु गरिने छ।

५ समृद्व र समुन्नत गाउँपालिकाको विकासका लागि आवश्यकता अनुसार सल्लाहकारहरु,विषय विज्ञ,मेल मिलापकर्ता लगायतका अन्य जनशक्ति नियुक्ति तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

६ गाउँपालिकाको कार्य सम्पादनलाई प्रविधि मैत्री र गुणस्तरीयता कायम गर्दै सूचना तथा प्रविधिको अधिकतम् उपयोग मार्फत शासन प्रणालीलाई स्थानीय तहबाट नै सुदृढीकरण गरिने नीति अवलम्वन गरिने छ।

७ बित्थडचिर गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सेवाग्राही मैत्री बनाउन कर्मचारीहरुलाई **चेन अफ कमाण्ड** मार्फत जन उत्तरदायी,जवाफदेही,पारदर्शी र मितव्ययी तरिकाले सेवा प्रदान गर्न कर्मचारी आचार संहिताको पूर्ण रुपमा पालना गर्ने व्यवस्था मिलाइने छ।

## *ठ) उद्यमशीलता र विकास:*

१ **उद्यमी हात गाउँपालिकाको साथ** भन्ने मूल नारालाई सार्थकता प्रदान गर्न गाउँपालिका भित्रका उद्यमीहरुको पहिचान गरि उद्यमी सहुलियत कार्यक्रम सञ्चालनमा जोड दिइने छ।

२ गाउँपालिका भित्रका स्थानीय स्रोत साधनबाट निर्मित साना तथा घरेलु उद्योग सञ्चालन गर्ने उद्यमीहरुलाई पेशागत विकास अभिबृद्धि गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञहरु बोलाई तालिमको व्यवस्था गरिने छ। साथै उद्यमशीलताको विकास गर्नको लागि थप उर्जा प्रदान गर्न सहुलियत ऋण उपलब्ध गराइने छ।

३ **"समृद्धिका लागि युवाको क्रियाशीलता, हातमा सीप र दिमागमा उद्यमशीलता"** भन्ने कथनलाई हृदयङ्गम गरि युवाहरुको नेतृत्व विकास,व्यवसायिक सीप अभिवृद्धि तथा रोजगार एवम् स्वरोजगारको लागि उद्यमशीलता प्रबर्धन जस्ता युवा शशक्तिकरणका कार्यक्रमहरु सञ्चालनमा जोड दिइने छ।

४ **"स्वदेशी श्रम स्वदेश मै पसिना"** भन्ने नीतिको अवलम्वन गर्न देश भित्र उत्पादन अभिवृद्धि गरि पालिकालाई आर्थिक रुपमा आत्म निर्भर गराइने र नयाँ प्रविधिको प्रयोगबाट उद्यमीहरुलाई उत्पादकत्व अभिवृद्धि गर्न हाम्रो स्थानीय सरकार पहल गर्ने छ।

५ **"उद्योगको स्थापना रोजगारीको सिर्जना"** भन्ने मान्यताका आधारमा बित्थडचिर गाउँपालिका भित्र स्थलगत अनुसन्धान गरि स्रोत साधनले भ्याउन सक्ने ठाउँमा आवश्यक वस्तु उत्पादन गर्न सक्ने उद्योगहरु स्थापना गर्नको लागि संघीय तथा प्रादेशिक सरकार संग समन्वय गरि विशेष पहल गरिने छ।

६ सीपमूलक तालिम जस्तैः हाते होजियारी,मुणा बनाउने,चुणा बनाउने, साबुन बनाउने, गुन्द्रुक बनाउने, मैनबत्ती र धुप बनाउने जस्ता तालिमहरुलाई सञ्चालन गरि व्यवसायिककरण गरिने छ।

## *ड) विपद् व्यवस्थापन:*

१ आर्थिक वर्ष २०७९।०८० मा सम्भावित विपद्लाई मध्ये नजर गर्दै ***"गाउँपालिका अध्यक्ष विपद् व्यवस्थापन कोष"*** को व्यवस्था गरिने छ। उक्त कोषमा थप रकम जम्मा गर्नको लागि संघीय सरकार,प्रादेशिक सरकार,स्थानीय समुदाय, संघ संसस्थाहरु तथा दातृ निकायहरु संग समन्वय गरिने छ।

२ स्थानीय स्तरमा विपद् व्यवस्थापनका लागि वडा वडामा **वडा विपद् व्यवस्थापन समिति** गठन गरि एकिकृत वस्ती गर्न युवाहरुलाई परिचालनका लागि ***"वडा अध्यक्ष संग युवा स्वरोजगार "*** कार्यक्रम सञ्चालन गरिने छ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरु, प्रस्तुत नीति तथा कार्यक्रम बित्थडचिर गाउँपालिकालाई समृद्ध बनाउने मार्ग दर्शक दस्तावेज हो । गाउँपालिका समृद्ध बनाउन सबै पालिका वासीहरुको आ-आफ्नो ठाउँमा उत्तिकै  महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी तथा गैर सरकारी,नीजि सहकारी लगायत सबै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो । बझाङ कै प्रवेश द्वारमा अवस्थित यस गाउँपालिकालाई विकासका दृष्टिकोणले नमूना बनाउन हामीहरु दत्तचित्त भएर लागि रहने छौं । गाउँपालिकाको विकास सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुरयाउन र रचनात्मक सुझाव सल्लाह दिन हामीले गाउँपालिका वासीहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

अन्तमा,यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरकारी निकायहरु,विभिन्न राजनीतिक दलहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु,नीजि क्षेत्र लगायत सबैको सदभाव सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित गाउँसभाबाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुने छ भन्ने अपेक्षाका साथ हार्दिक धन्यावाद ज्ञापन गर्दछु ।

धन्यावाद